कम्पनी दर्ता नं. १२८३६७/२०७१।०७२८ ने.रा. बैंक/इ.पा./"घ"/४३/०७१/७२

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.

*(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त १० जिल्ला कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्था)*

केन्द्रीय कार्यालय, हाँसपोसा, सुनसरी

## प्रथम वार्षिक साधारण सभा सम्बन्धी सुचना

(ब्लाष्ट टाइम्स् राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति :२०७२/०८/२५)

यस सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.को मिति:२०७२/०८/१८ गते बसेको संचालक समितिको ५४ औ बैठकको निर्णय अनुसार प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन,२०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितीका लागि हार्दिक अनुरोध छ ।

**साधारण सभा बस्ने मिति समय र स्थान**

मिति:- २०७२ पौष २३ गते विहिवार (तदनुसार जनवरी ७, २०१६) ।
समय:- विहान ११:०० बजे ।
स्थान:- संस्थाको केन्द्रीय कार्यालय, हाँसपोसा,(हाल इटहरी २६, हलगडा) ।

**छलफलका विषयहरु**

**क) साधारण प्रस्ताव**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व.२०७१/७२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७१/७२ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था समबन्धी ऐन २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३को दफा १११ अनुसार आ.व. २०७२/७३ को लागि लेखा परीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र नीजको पारिश्रमिक निर्धारण गर्ने ।
(बहालवाला लेखा परीक्षक श्री सी.ए. राजन घिमिरे एण्ड एसोसिएट्स पुन नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)
४. संचालक समितिमा प्रतिनिधित्व गर्न संस्थापक समूहबाट पाँचजना संचालकको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

१. संस्थाको बिद्यमान अधिकृत पुँजी, जारी पुँजी तथा चुक्ता पुँजीमा १:२ को अनुपातमा हकप्रद शेयर जारी गर्न प्रस्ताव छलफल गरी पारित गर्ने ।
२. हकप्रद शेयर जारी भए पछि पुँजी वृद्धी भए अनुसार संस्थाको प्रबन्धपत्र तथा नियमावलीको दफाहरू संशोधन गर्ने र सो कार्यन्वयन गर्ने गराउने सन्दर्भमा नियमक निकायहरु (नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालय) बाट आवश्यक थपघट तथा संशोधन गर्न निर्देशन प्राप्त भएमा सो समेत गर्ने गराउन अख्तियार संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने ।

**ग) विविध**

१. अन्य

संचालक समितिको आज्ञाले,
चन्द्रलाल ढकाल
प्रमूख कार्यकारी अधिकृत/कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) साधारण सभा प्रयोजनका लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यस वित्तीय संस्थामा रहेको ठेगाना र इमेलमा संक्षिप्त वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाइएको छ । सभामा भाग लिन इच्छुक शेयरधनीले व्यक्तिगत रुपमा पठाइएको सुचना तथा संलग्न प्रवेशपत्र साथै आफ्नो परिचय खुल्ने प्रमाण ( जस्तै : नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सवारी चालक अनुमती पत्र वा आफ्नो परिचय खुल्ने अन्य कागजात) अनिवार्य साथ लिई आउन अनुरोध छ ।
२) सभामा भाग लिनको लागि प्रोक्सी (प्रतिनिधि) मुकर्रर गर्न चाहने शेयरधनी महानुभावले संस्थाको केन्द्रीय कार्यालयमा सभा हुनु भन्दा ४८ घण्टा अघि दर्ता गराई सक्नुपर्नेछ । यसरी प्रोक्सी (प्रतिनिधि) नियुक्त गरि सक्नु भएको शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिर किताबमा दस्तखत गर्नु पर्ने भएमा दिएको प्रोक्सी स्वत: बदर हुनेछ ।
३) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि प्रोक्सी नियुक्त गर्नुभएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि(प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी)लाई मान्यता दिइयोस भनी छुट्टै पत्र समेत लेखी पठाउनुभएको रहेछ भने अन्य सबै प्रतिनिधि(प्रोकसी) बदर भई साहि पत्र साथ अएको प्रतिनिधि(प्रोक्सी) मात्र मान्य हुनेछ । तर यसो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरिएको रहेछ भने पहिले दर्ता भएको प्रोक्सीले मान्यता पाउनेछ । अन्य प्रोक्सी स्वत: बदर हुनेछन् ।
४) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:३० बजेबाट खुल्ला रहनेछ ।
५) शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धी जिज्ञासा भए विविध विषय अन्तर्गत आफुले प्रस्तुत गर्न चाहेको विषयबारे लिखित रुपमा सभा हुनु भन्दा सात दिन पहिले नै यस संस्थाको केन्द्रीय कार्यालय हाँसपोसा -१ हलगडा (हाल इटहरी-२६)मा पठाउन अनुरोध छ ।
६) शेयरधनी महानुभावहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुका सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमती प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
७) अन्य जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

## **प्रवेशपत्र**

शेयरधनीको नामः
शेयर संख्या :
शेयरधनीको दस्तखतः

यहि मिति २०७२ साल पौष २३ गते बिहिवारका दिनदहुने सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र :

......................
कम्पनी सचिव

**द्रष्टव्य :**
१) शेयरधनी आफैले खाली स्थान भर्नुहोला ।
२) सभा कक्षमा प्रवेश गर्न यो प्रवेशपत्र प्रस्तुत गर्न अनिवार्य छ ।

## **प्रोक्सी फारम**

श्री संचालक समिति
सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.
हाँसपोसा, इटहरी, सुनसरी ।

विषयः- प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको बारे ।

............जिल्ला...........न.पा. ⁄ गा.वि.स. वडा नं......... बस्ने म ⁄ हामी............................... सपोर्ट माइक्रोफइनान्स वित्तीय संस्था लि. को शेयरधनीको हैसियतले मिति २०७२।०९।२३ गतेका दिन हुने प्रथम साधारण सभामा म ⁄ हामी स्वयं उपस्थित भै छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरा ⁄ हाम्रा तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ....................जिल्ला.................... न.पा. ⁄ गा.वि.स. वडा नं......मा बस्ने त्यस वित्तीय संस्थाका शेयरधनी श्री....................................... शेयर प्रमाण पत्र नं........................ लाई मेरो ⁄ हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु ⁄ पठाएका छौ ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**
हस्ताक्षरको नमुना :-
शेयर प्रमाण पत्र नं.:-

**निवेदक**
दस्तखतः-
नामः-
ठेगानाः-
शेयर प्रमाण पत्र नं.:-
शेयर संख्याः-

मितिः-

द्रष्टव्यः यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालयमा पेश गरी सकनु पर्नेछ ।

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

*(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त १० जिल्ला कार्यक्षेत्र भएको “घ” वर्गको वित्तीय संस्था)*

**केन्द्रीय कार्यालय, हाँसपोसा, सुनसरी**

## संक्षिप्त चिनारी

१. संस्थापक : ६५ जना

२. कार्यक्षेत्र : १० जिल्ला (पाँचथर, तेह्रथुम, धनकुटा, सुनसरी, भोजपुर, उदयपुर, खोटाङ्ग, सिन्धुली, रामेछाप, मकावनपुर)

३. अधिकृत पुँजी : रु. पाँच करोड

४. जारी पुँजी : रु. दुई करोड

५. चुक्ता पुँजी : रु. एक करोड चालीस लाख
(३०%सर्वसाधारणका लागि शेयर जारी हुन बाँकि)

६. कम्पनी दर्ता : मितिः २०७१।०७।२७ गते दर्ता नं. १२८३६७/०७१/७२

७. इजाजत : मितिः २०७२।०३।१५ गते ने.रा.बैंक./इ.प्रा./ “घ”/४३/०७१/७२

८. वित्तीय कारोवार शुरु : मितिः २०७२।०३।२७ गते

९. उद्घाटन : मितिः २०७२।०४।१५ गते
(नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जीवि नेपालद्वारा)

१०. शाखा कार्यालयहरु :
१. जिल्ला धनकुटा, धनकुटा न.पा. वडा नं.७ (२०७२।०५।१५ देखि)
२. जिल्ला उदयपुर, हडिया गा.वि.स. वडा नं.७ (२०७२।०६।१५ देखि)
३. जिल्ला तेह्रथुम, संक्रान्ती गा.वि.स. वडा नं.६ (२०७२।०७।२५ देखि)

११. दुरदृष्टि(**Vision**) : सुलभ तथा सरल लघु वित्तीय सेवाको माध्यमबाट एक सफल व्यवसायिक लघुवित्त संस्थाको रुपमा विकसित गरिनेछ ।

१२. लक्ष्य (**Mission**) : सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि. हाल पूर्वाञ्चल तथा मध्यमाञ्चलका जिल्लाका विपन्न तथा ग्रामीण समुदायमा लघु वित्तीय सेवा प्रवाह गरी आयमूलक लघुवित्तीय परियोजनाको माध्यमबाट स्वरोजगार सृजना गरी समुदायको आर्थिक उन्नती र देशको गरिवी न्यूनीकरण अभियानमा टेवा पुऱ्याउने ।

१३. उद्धेश्यहरु (**Objectives**) :

१. कार्यक्षेत्र भित्रका विपन्न समुदायलाई लघु वित्तीय सेवाहरु प्रदान गर्ने ।
२. बचत गर्ने तथा संस्थागत वित्तीय सेवा लिई त्यसको सही सदुपयोग गर्ने बानी बसाउने ।
३. कर्जा अतिरिक्त अन्य लघु वित्तीय सेवाहरु (विप्रेषण, लघु वीमा, आदी) प्रदान गर्ने ।
४. लघु वित्त सेवाका माध्यमबाट आयमुलक व्यवसायमा उत्प्रेरित गरी स्वरोजगार सृजना गर्ने ।
५. कार्य क्षेत्र भित्र कम्तीमा एक घर एक सदस्यको माध्यमबाट सेवाको पहुँच बढाउने ।
६. लक्षित समुदायको आवश्यक वित्तीय सेवाको भरपर्दो माध्यमको रुपमा सम्बन्ध कायम गर्ने ।

१४. रणनीतिहरु (**Strategies**) :

१. सेवाको पहुँचका लागि लक्षित समूहको पहिचान ।
२. आधारभूत वित्तीय साक्षरता मार्फत वित्तीय सेवाको ज्ञान प्रदान ।
३. सामूहिक जमानीको वित्तीय अनुशासन मार्फत बचत तथा विना धितो कर्जाबाट सेवाको शुरुवात ।
४. समूह तथा केन्द्र मार्फत घरदैलोमा सेवा प्रदान ।
५. असल कारोवारका लागि सेवा वृद्धि गर्दै धितो कर्जा समेत को व्यवस्था ।
६. सरल प्रक्रिया, सहयोगी जनशक्ती, विद्युतीय प्रणालीबाट प्रभावकारी सेवा ।

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

*(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त १० जिल्ला कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्था)*

**केन्द्रीय कार्यालय, हाँसपोसा, सुनसरी**

प्रथम वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्ष श्री अशोककुमार प्रधानज्यूको प्रतिवेदन ।

आदरणीय शेयरधनी महानुभावज्यूहरु,

यस सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.को प्रथम साधारण सभामा पाल्नु भएका शेयरधनी महानुभावहरु, संचालक समितिका सदस्यज्यूहरु तथा उपस्थित सम्पूण महानुभावहरुलाई यस वित्तीय संस्थाको तर्फबाट म हार्दिक स्वागत गर्दछु ।

लघु वित्त सेवा प्रत्यक्षरुपमा गरिव र विपन्न परिवारको घर दैलोमा पुगी वित्तीय सेवा पुऱ्याउने उपयुक्त माध्यम भएकोले गरिवीको रेखा मुनी रहेका विपन्न एंव सिमान्त वर्गलाई गरिवीको चपेटाबाट क्रमिक रुपमा उन्मुक्ती दिन र सरकारको गरिवी न्यूनीकरणको अभियानमा समेत योगदान पुऱ्याउने उद्धेश्यले यो सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि. २०७१ साल कार्तिक २७ गते स्थापना भएको व्यहोरा उपस्थित शेयरधनी महानुभावहरुलाई सहर्ष जानकारी गराउन चाहान्छु ।

प्रस्तुत प्रतिवेदन आ.व. २०७१/७२ को भएकोले शेयरधनी महाुभावहरुको जानकारीका लागि यस वित्तीय संस्थाको आ.व. २०७१/७२ को प्रगतिबारे संक्षिप्त विवेचना गर्नु उपयुक्त ठानेको छु । अघिल्लो आ.व.मा संस्थाका शाखा कार्यालयहरु खुली नसकेको र प्रत्यक्ष ग्राहकसंगको वित्तीय कारोवार पनि शुरु नभएकोले कार्यालयको रुपमा केन्द्रीय कार्यालय मात्र रहेको कुरा अवगत गराउँदछु ।

आ.व.२०७१/७२ को लेखा परीक्षण भई लेखापरीक्षक श्री राजन घिमिरे एण्ड एसोसिएट्सबाट प्राप्त प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब एंव नगद प्रवाह विवरणबाट वित्तीय संस्थाको आर्थिक गतिविधि तथा वित्तीय स्थिती बारे जानकारी हुने नै छ । यसै सन्दर्भमा म आ.व. २०७१/७२ को लेखापरीक्षण प्रतिवेदनमा उलेखित वित्तीय विवरण बारे संक्षेपमा प्रस्तुत गर्न अनुमती लिदै आवश्यक छलफल एंव स्वीकृतीका लागि शेयधनी महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

## (१) आ.व. २०७१/७२ को कारोवारको सिंहावलोकन :

यस वित्तीय संस्थाले आ.व. २०७१/७२मा गरेको कारोवारको तथ्याँक निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | चुक्ता पूँजी | १४००००००० |
| २ | जगेडा कोष | -६८३१५१ |
| ३ | निक्षेप संकलन | ०० |
| ४ | लगानीमा रहि रहेको कर्जा | ०० |
| ५ | कूल आम्दानी | २२५,७३१ |
| ६ | कूल खर्च | ९०८८८२ |

## २०७२ साल मंसिर मसान्तसम्म यस वित्तीय संस्थाले गरेका मुख्य कार्यको संक्षिप्त विवरण :

क) कार्यरत कर्मचारी संख्या : १४ जना (प्रमूख कार्यकारी अधिकृत र गार्ड समेत)

ख) शाखा कार्यालय :
१. जिल्ला धनकुटा, धनकुटा न.पा. वडा नं.७, बसपार्क,
२. जिल्ला उदयपुर, हडिया गा.वि.स. वडा नं.७ ,हडिया बजार,
३. जिल्ला तेह्रथुम, संक्रान्ती गा.वि.स. वडा नं.६,संक्रान्ती बजार ।

ग) Uranus Tech Pvt. Ltd. बिजुली बजार काठमाण्डौंसंग सम्झौता गरी Microfinance Banking System Software मार्फत संस्थाको सम्पूर्ण वित्तीय कारोवारको Online Accounting & Reporting System मार्फत व्यवस्थापन गरिएको छ ।

घ) विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लघुकर्जा लगानकिा लागि विपन्नवर्ग कर्जा व्यवस्था अन्तर्गत रु. एक करोड कर्जा प्राप्त गरिएको छ । यसबाट विपन्न वर्गमा वित्तीय सेवा विस्तार गर्न मद्दत पुगेको छ ।

ङ) आदरणीय शेयरधनी महानुभावहरुको अद्यावधिक जानकारीका लागि २०७२ मंसिर मसान्त सम्मको प्रगति विवरण प्रस्तुत गरिएको छ ।

| Sn | Particulars | Upto Last Month | Only This Month | Upto This Month |
|---|---|---|---|---|
| 1 | **Total Staff** | 12 | 2 | 14 |
| 1.1 | Male Staff | 8 | 2 | 10 |
| 1.2 | Female Staff | 4 | | 4 |
| 1.3 | Field Staff | 1 | | 1 |
| 1.4 | Office Staff | 4 | 2 | 6 |
| 2 | **Area Coverage** | | | |
| 2.1 | Covered Household | 288 | 176 | 464 |
| 2.2 | VDC Covered | 2 | 1 | 3 |
| 2.3 | District Covered | 2 | 1 | 3 |
| 3 | **Total Center** | 26 | 18 | 44 |
| 3.1 | General Center | | 18 | 44 |
| 4 | **Total Group** | 65 | 34 | 99 |
| 4.1 | General Group | 65 | 34 | 99 |
| 5 | **Total Member** | 288 | 176 | 464 |
| 5.1 | General Member | 290 | 177 | 467 |
| 6 | **Total Member Cast Wise** | | | |
| 7 | **Total Borrowers** | 186 | 167 | 327 |
| 7.1 | Alternative Energy Loan Borrowers | | 12 | 12 |
| 7.2 | General Loan Borrowers | 186 | 142 | 328 |
| 7.3 | Seasonal Loan Borrowers | | 13 | 13 |
| 8 | **Total Disbursement** | 7365000 | 6485000 | 13850000 |
| 8.1 | Alternative Energy Loan | | 720000 | 720000 |
| 8.2 | General Loan | 7365000 | 5505000 | 12870000 |
| 8.3 | Seasonal Loan | | 260000 | 260000 |
| 9 | **Total Recovery** | 407997 | 743897 | 1151894 |
| 9.1 | General Loan | 407997 | 733895 | 1141892 |
| 9.2 | Seasonal Loan | | 10,002 | 10,002 |
| 10 | **Total Outstanding** | 6957003 | 5741103 | 12698106 |
| 10.1 | Alternative Energy Loan | | 720000 | 720000 |
| 10.2 | General Loan | 6957003 | 4771105 | 11728108 |
| 10.3 | Seasonal Loan | | 249998 | 249998 |
| 11 | **Total Saving** | 313072 | 288480 | 601552 |
| 11.1 | Borrower Saving | 221058 | 194550 | 415608 |
| 11.2 | Center Welfare Saving | 2,563.00 | 2,782.00 | 5,345.00 |
| 11.3 | Group Saving | 49,314.00 | 52,100.00 | 101414 |
| 11.4 | Personal Saving | 40,137.00 | 39,048.00 | 79,185.00 |
| 12 | **Total Depositors** | 288 | 176 | 464 |
| 12.1 | Borrower Saving Depositors | 288 | 176 | 464 |
| 12.2 | Center Welfare Saving Depositors | 43 | 81 | 124 |
| 12.3 | Group Saving Depositors | 288 | 176 | 464 |
| 12.4 | Personal Saving Depositors | 288 | 176 | 464 |
| 13 | **Total Incone** | 207580.10 | 114103.00 | 321683.10 |
| 14 | **Total Expenditure** | 751865.83 | 253371.00 | 1005236.83 |
| 15 | **Cash In Hand / Vault** | 8,025.00 | 73,564.00 | 81,589.00 |
| 16 | **Total Profit & (Loss)** | (544285.73) | (139268.00) | (683553.73) |
| 17 | **Cash At Bank** | 4701575.56 | 4041661 | 8743236.56 |

## (२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिती :

यस वित्तीय संस्थाको स्थापनाको दौरानमा पुँजी तथा प्रविधिको संयोजन, दर्ता तथा इजाजतको प्रक्रियामा विभिन्न बन्द हडताल र भुकम्पको असरका कारण केहि विलम्ब हुन गएको अवस्था यस सभामा जानकारी गराउन चाहान्छु । संस्थाको सम्पूर्ण प्रक्रिया सम्पन्न भई उद्घाटन पश्चात संचालनको अवसरमा पनि अधिकाँश राष्ट्रिय

चाडपर्वका र लामो तराई बन्द तथा नाकाबन्दीको प्रत्यक्ष असर पर्न गई यथोचित उपलब्धी हासिल हुन नसकेको व्यहोरा अवगत गराउँदछु । देशमा लघुवित्त वित्तीय संस्थाहरुको संख्या दिनानुदिन बढ्दै गएकोले प्रतिस्पर्धा तिब्र रहेको र संस्थाहरु बीच सुचना आदान प्रदान गर्ने, स्वस्थ्य प्रतिस्पर्धालाई बढवा दिने, लागत नियन्त्रण, सामाजिक उत्तरदायित्व बहन गर्ने र प्रविधिको उपयोग आदीको समुचित व्यवस्था गरी प्रभावकारी ढंगले विपन्न वर्गमा लघुवित्त सेवा प्रदान गर्ने कार्य चुनौतीपूर्ण हुदै गएको देखिन्छ ।

**(३) लगानी तथा असुली नीति :**

**३.१ सामुहिक जमानी कर्जा :**

क) समूहमा आबद्ध सदस्यहरुको आवश्यकता अनुसार र बिशेष गरेर छिट्टै आम्दानी हुन सक्ने र सदस्यहरुको खुद पारिवारिक आय र कर्जा तिर्न सक्ने क्षमताका आधारमा मात्र लगानी गर्ने ।

ख) सदस्यहरुको कर्जा उपयोग क्षमताका आधारमा लगानी रकम बढाउने वा घटाउन पनि सक्ने ।

ग) नयाँ समूह तथा केन्द्रको निर्माण गर्दै स्थापित शाखाहरुको पहुँच (Outreach) विस्तार गर्दै जाने ।

घ) कर्जा सदुपयोगिता क्षमता, असुली अनुशासन, आदीको मूल्याँकन गरी असल सदस्य पहिचान गरी लगानी बृद्धिलाई केन्द्रित गर्ने ।

**सामुहिक जमानीमा लगानी गरिने कर्जाका प्रकारहरु :**

१) साधारण कर्जा,

२) व्यवसायिक कर्जा

क) मौसमी कर्जा,

ख) वैकल्पिक उर्जा कर्जा,

ग) पशुपालन तथा कृषि कर्जा,

घ) लघु व्यवसाय कर्जा,

**३.२ धितो कर्जा :**

नेपाल राष्ट्र बैंकको निर्देशानुसार समूहमा आबद्ध सदस्यहरुको उद्यमशिलतालाई मध्यनजर गर्दै लगानीमा रहिरहेको कर्जा रकम मध्ये एक तिहाई अनुपातमा प्रर्याप्त धितो लिई लघु उद्यम/लघु व्यवसायमा समेत लगानी गरिनेछ ।

**३.३ कर्जाको असुली :**

कर्जाको किसिम ऋणको मात्रा तथा अवधिका आधारमा साँवाको किस्ता तोकिए बमोजिम मासिक वा त्रैमासिक भएतापनि सबै खाले कर्जाको व्याज असुलीलाई अनिवार्य मासिक गरिएको छ ।

**३.४बचतका किसिम**

**मासिक अनिवार्य समूह बचत** : समूह छोड्दा पाउने वा हकवालालाई हस्तान्तरण गर्न सकिने प्रत्येक सदस्यबाट अनिवार्य मासिक रु.१००।०० जम्मा गर्नु पर्ने ।

**सदस्य स्वेच्छिक बचत:** रु.१००।०० मा खाता खोली स्वेच्छिक रुपमा जम्मा गर्न र झिक्न सकिने ।

सापट सुरक्षण बचत: सदस्यले लिएको ऋण रकमको ३% अनिवार्य जम्मा गर्ने र प्रत्येक पाँच वर्षमा तत्काल लिएको ऋणको ५% भन्दा बढी रकम स्वेच्छिक बचतमा सार्न सकिने । परियोजना बचत सदस्य आफैले निर्धारण गरेको परियोजनामा निश्चित अवधि तोकेर बचत गर्न सकिने । यस्तो बचत तोकिएको समय भन्दा अघि नै आवश्यक परे दिएको व्याजदरमा २% थप व्याजदरमा जम्मा रकमको ८०% सम्म सापटी चलाउन सकिने । (प्रस्तावित)

**केन्द्र कोष :** सदस्यले जम्मा गरेको आधारमा फिर्ता नपाउने गरी केन्द्रको आवश्यकता वा हितमा केन्द्र कै निर्णयमा उपयोग गर्ने गरी मासिक रु. ५।०० प्रत्येक सदस्यले जम्मा गर्ने ।

**३.५ निरिक्षण, अनुगमन तथा नियन्त्रण व्यवस्था :** लघुवित्त कार्यक्रमको सफलता यसको नियमित निरिक्षण, अनुगमन तथा मुल्याँकन गरी प्राप्त भउका त्रृटी, कमजोरीहरुलाई समय मै निराकरण गर्दै जानु पर्ने हुन्छ । यस कार्यका लागि निम्न प्रक्रिया अवलम्बन गरिनेछ ।

क) प्रत्येक दिन निरन्तर Online system बाट कारोवार तथा प्रगतिको गैर स्थलगत निरिक्षण गरी आवश्यक निर्देशन प्रदान गरिनेछ ।

ख) साप्ताहिक रुपमा भए गरेको काम कार्यवाहीको लिखित सुचना तयार गर्न लगाई इमेल मार्फत प्राप्त गरी व्यक्तिगतरुपमा गैर स्थलगत प्रगति समिक्षा गरी आवश्यक मुल्याँकन तथा अनुगमन गरिनेछ ।

ग) आवश्यकता अनुसार स्थलगतरुपमा शाखाहरुको निरिक्षण गरी काम कार्यवाहीको अनुगमन, मुल्याँकन, आन्तरिक लेखा परिक्षण गरी आवश्यक निर्देशन तथा कैफियत सुधार गरिनेछ ।

**३.६ तालीम तथा गोष्ठी**

संस्थामा आबद्ध कर्मचारी र ग्राहक सदस्यहरुको क्षमता अभिबृद्धि तथा पुर्नताजगीका लागि आन्तरिक तथा बाह्य तालीम तथा गोष्ठीका विषयवस्तुहरु संयोजन गरी अवसर तथा श्रोतहरुको व्यवस्थापन गरिनेछ ।

**३.७ कार्यक्रम तथा सेवा विस्तार**

यस वित्तीय संस्थाको व्यवसायिक योजना (Business Plan) मा उल्लेख भए बमोजिम साम्भाव्य क्षेत्र र ग्राहक सदस्य उपलब्धताको पहिचान गरी यसै आ.व. भित्र थप तीन जिल्ला पाँचथर, भोजपुर र सुनसरीमा पाँचबटासम्म शाखा कार्यालयहरु थप गरी शाखा संख्या आठवटासम्म पुऱ्याउने लक्ष रहेको छ ।

**(४) व्यवसायिक सम्बन्ध :**

संस्थाको लघुवित्त कारोवारको विस्तारका लागि लघुकर्जा लगानकि लागि विपन्नवर्ग कर्जा व्यवस्था अन्तर्गत प्राइम कमर्सियल बैक लि. र नविल बैंक लि.संग समेत व्यवसायिक सम्बन्ध कायम भएको छ । संस्थासंग Western Union, Himal Remit, City Express, Sansara, Prabhu Money Transfer, IME जस्ता विप्रेषण सेवा प्रदायक कम्पनीहरुले व्यवसायिक सम्बन्धका लागि सम्पर्क गरिरहेकोले उक्त निकायसंग व्यवसायिक सम्बन्ध कायम गरी कारोवार तथा सेवाको विस्तार गरिनेछ ।

**(५) संचालक समिति :**

यस वित्तीय संस्थामा हाल संस्थापकहरुको मात्र प्रतिनिधित्व भएको निम्नानुसारको संचालक समिति रहेको छ ।

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | अशोककुमार प्रधान | अध्यक्ष |
| २. | महेशकुमार पोखरेल | सदस्य |
| ३. | प्रदिप अधिकारी | सदस्य |
| ४. | पुनितकुमार सारडा | सदस्य |
| ५. | पार्वताकुमारी गौतम | सदस्य |

**(६) कारोवारमा असर पार्ने मुख्य कुराहरु :**

क) बैकिङ्ग कारोवार गर्नु पर्ने बैक तथा वित्तीय संस्थाको शाखा कार्यायलबाट टाडा भएको अवस्थाममा वित्तीय संस्था र शाखा कार्यालय बीच नगद ओसारपसारमा असुरक्षा र प्रतिकुलता हुने ।

ख) लघुवित्तीय सेवा प्रदान गर्ने संस्थाहरुको संख्यात्मक वृद्धिले कर्जाको दोहोरोपना कायम हुने ।

ग) बन्द हड्ताल र सामाजिक असुरक्षाका कारण संस्थाको व्यवसायिक योजनमा पर्नसक्ने असर ।

घ) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको समय समयमा हुने नीतिगत परिवर्तनका कारण पर्नसक्ने असर ।

**(७) लेखापरीक्षण प्रतिवेदनप्रति संचालक समितिको प्रतिक्रिया :** संलग्न लेखापरीक्षण प्रतिवेदनले वित्तीय संस्थाको यथार्थ स्थितिको चित्रण गरेको छ । आ.व. २०७१/७२को लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोवारमा हुने सामान्य कैफियत बाहेक अन्य कुनै नकारात्मक र उल्लेखीय कैफियतहरु नभएको र प्राप्त कैफियतहरुको सुधार भैसकेको छ ।

**(८) लाभांश बाँडफाँड गर्न सिफरिश गरिएको रकम :**

संस्था संचालन नोक्सानमा संचालन भईरहेकोले संस्थामा लाभाश बाँफाँडका लागि रकम छुट्याएको छैन् ।

**(९) जफत गरिएको शेयर सम्बन्धी विवरण :**

यस अवधिमा यस संस्थाको कुनैपनि शेयर रकम जफत गरिएको छैन् ।

**(१०) कम्पनीको सहायक कम्पनी सम्बन्धी विवरण :**

यस कमपनीको कुनै पनि सहायक कम्पनी छैन् ।

**(११) कम्पनीका आधारभुत शेयरधनीले कम्पनीलाईी उपलब्ध गराएको जानकारी :**

शेयरधनीले कम्पनीमा कुनै पनि आधारभुत जानकारी उपलब्ध गराएको छैन् ।

**(१२) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको विवरण :**

यस वित्तीय संस्थाका संचालक तथा पदाधिकारीले शुरुमा कबुल गरी लिएको शेयर बाहेक अन्य शेयर कारोवार भएको छैन् ।

**(१३) कम्पनीसंग सम्बन्धित सम्झौताहरुमा संचालक तथा नीजको नातेदारको व्यक्तिगत स्वार्थ सम्बन्धी उपलब्ध गराएको जानकारी :**

यस्तो व्यक्तिगत स्वार्थ समबन्धी जानकारी प्राप्त भएको छैन् ।

**(१४) कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको भए सोको कारण तथा विवरण :**

कम्पनीले आफ्नो कुनै शेयर आफै खरिद गरेको छैन् ।

**(१५) आन्तरिक नियन्त्रण प्रणाली :**

यस वित्तीय संस्थाको कारोवार व्यवस्थित तवरले संचालन गर्न प्रचलित कानून, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन, संचालक समितिद्वारा पारित तथा नेपाल राष्ट्र बैंकद्वारा स्वीकृत कर्मचारी विनियमावली, आर्थिक प्रशासन विनियामावली, कर्जा अपलेखन विनियमावली, र संचालक समितिद्वारा पारित कर्जा लगानी तथा असुली नीति र बचत नीतिहरुद्वारा निर्देशित भई कारोवारको पूर्णरुपले कम्प्युटराइज लेखाङ्कन प्रणालीका आधार संचालन गरिएको छ ।

**(१६) आ.व. २०७१/७२को व्यवस्थापन खर्चको विवरण :**

आ.व. २०७१/७२ मा कूल रु. ९,०८,८८२।०० अक्षरुपी नौ लाख आठ हजार आठ सय बयासी मात्र व्यवस्थापन खर्च भएको थियो । ( विस्तृत विवरण लेखापरीक्षकको प्रतिवेदनको अनुसुची ४.१७ र ४.१८ मा उल्लेख छ ।)

**(१७) लेखापरीक्षण समिति :**

यस वित्तीय संस्थामा लेखापरीक्षण समिति हाल सम्म गठन गरिएको छैन् ।

**(१८) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, कम्पनीका आधारभूत शेयरधनी वा नीजका नातेदार वा नीज संलग्न रहेको फर्म वा संगठित संस्थाले कम्पनीलाई कुनै बुझाउन बाँकि रकम :**

यस्तो कूनै रकम बुझाउन बाँकि छैन् ।

**(१९) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, तथा पदाधिकारीलाई भुक्तानी गरिएको पारिश्रमिक तथा सुविधा रकम :**

क) आ.व. २०७१/७२ सम्म जम्मा ४७ वटा संचालक समितिका बैठकहरु बसेका छन् ।

ख) संचालक समितिको बैठक बस्दा प्रति संचालक रु. १,५००।- बैठक भत्ता प्रदान गर्ने प्रावधान रहेको भएतापनि उक्त आ.व. भित्र जम्मा ३ वटा बैठकको मात्र रु. २२,५००।- खर्च गरिएको छ ।

ग) संस्थामा प्रबन्ध संचालक नरहेको र कार्यकारी प्रमूखको रुपमा प्रमूख कार्यकारी अधिकृत रहेको हुँदा नीजको आ.व. २०७१/७२ को खर्च यस प्रकार छ ।

१. तलब रु.१,९७,९३१।-

२. अन्य रु.५६,५५१।-

जम्मा रु.२,५४,४८२।-

**(२०) शेयरधनीहरुले बुझिलिन बाँकि रहेको लाभांश रकम :**

लाभांश रकम हालसम्म वितरण गरिएको छैन् र बाँकि पनि छैन् ।

**(२१) कम्पनी ऐन दफा १४१ अनुसार सम्पत्ति खरिद वा विक्री गरेको कुराको विवरण :**

उक्त दफा अनुसारको सम्पत्ति खरिद वा बिक्री भएको छैन् ।

**(२२) कम्पनी ऐन दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :**

उक्त दफा अनुसारको यस संस्थाको कुनै सम्बद्ध कम्पनीहरु छैन् ।

**(२३) यस ऐन तथा प्रचलित कानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

नभएको

**(२४) अन्य आवश्यक कुराहरु ।**

नभएको

आदरणीय शेयरधनी महानुभावहरु,

१. यस सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि. लाई नीतिगत र सुपरीवेक्षणका माधयमबाट निरन्तर सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, नेपाल सरकार कम्पनी रजिष्टारको कार्यालय, र वित्तीय श्रोतको माध्यमबाट सहयोग गर्ने प्राइम कमर्सियल बैंक लिमिटेड, नविल बैंक लिमिटेड प्रति हार्दिक आभार प्रकट गर्दछु ।

२. यस वित्तीय संस्थाको संचालनमा महत्वपूर्ण भुमिका खेल्नु हुने संचालक समितिका मित्रहरुको विशेष प्रशंसा गर्दछु ।

३. यस वित्तीय संस्थाको कार्य संचालनमा महत्वपूर्ण सुझाव सल्लाह दिई सहयोग पुऱ्यउने सम्पूर्ण शेयरधनी महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै भविष्यमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछु ।

४. यस वित्तीय संस्थासंग कारोवार गर्ने सम्पूर्ण ग्राहक सदस्य महिला दिदी बहिनीहरु तथा संस्थाका शुभ चिन्तक एंव साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सबै महानुभावहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

५. यस वित्तीय संस्थाको वार्षिक लेखापरीक्षण कार्य सम्पन्न गरी सहयोग पुऱ्याउनु हुने लेखा परीक्षक सि.ए. राजन घिमिरे, राजन घिमिरे एण्ड एसोसिएट्सलाई धन्यवाद दिन चाहान्छु ।

६. यस वित्तीय संस्थाको उत्तरोत्तर प्रगती र उन्नतीका लागि अहोरात्र परिश्रम र मेहनतका साथ काममा संलग्न प्रमूख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै संस्थाको प्रारम्भिक अवस्थामा अझ प्रोत्साहित भई काम गर्न अनुरोध गर्दछु ।

धन्यवाद

२०७२ पौष २३ गते विहिवार
हाँसपोसा, इटहरी, सुनसरी

| क्र.स. | नामथर | हालको ठेगाना | शेयर संख्या | संपर्क नं. | क्र.स. | नामथर | हालको ठेगाना | शेयर संख्या | संपर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अशोककुमार प्रधान | इटहरी न.पा.-६, सुनसरी | १०००० | ९८४२०६६७५८ | ३४ | नवराज नेपाल | खनार गा.वि.स.-४, सुनसरी | १००० | ९८५१०७८५३७ |
| २ | प्रदीप अधिकारी | इटहरी न.पा.-८, सुनसरी | ६००० | ९८५२०५७२३८ | ३५ | बाल कुमार पोखरेल | खनार गा.वि.स.-४, सुनसरी | १००० | ९८५२०५५७६७ |
| ३ | सरोज दाहाल | बिराटनगर-५, जि.मोरङ्ग | ५००० | ९८४२०४७५४८ | ३६ | प्रकाश दाहाल | बिराटनगर-१४, मोरङ्ग | १००० | ९८५२०३२५९० |
| ४ | यादवचन्द्र दुलाल | पथरी गा.वि.स.-१, मोरङ्ग | ५००० | ९८५२०२२३०२ | ३७ | खेमराज बजगांई | हासपोसा -१, सुनसरी | १००० | ९८५२०५७६०९ |
| ५ | कुमुदचन्द्र उपाध्याय | बिराटनगर-१३, जि.मोरङ्ग | १००० | ९८५२०२४८६३ | ३८ | इन्दिरा खनाल थपलिया | उर्लाबारी -४, मोरङ्ग | १००० | ९८४२०४८०७१ |
| ६ | महेश कुमार पोखरेल | खनार गा.वि.स.-७, सुनसरी | ५००० | ९८५२०५४०३४ | ३९ | कृष्ण प्रसाद गुरागाई | इटहरी न.पा. -५, सुनसरी | १००० | ९८४२१७७५७७ |
| ७ | टीका प्रसाद दाहाल | खनार गा.वि.स.-४, सुनसरी | ३००० | ९८४२०३४८१८ | ४० | टुक बहादुर सांवा | मेचीनगर न.पा. -५, झापा | १००० | ९८४२६५६५०८ |
| ८ | राजुराम थापा | बिराटनगर-२, जि. मोरङ्ग | २००० | ९८४२०२९६३५ | ४१ | शान्तिराम दाहाल | धनकुटा न.पा.-२, धनकुटा | १००० | ९८५२०४८५५६ |
| ९ | रमेश अधिकारी | इटहरी न.पा.- ५, सुनसरी | १००० | ९८४२०७९११९ | ४२ | बिभा शर्मा पोखरेल | का.म.न.पा.-९, बत्तिसपुतली | १००० | ९८५१११६७७१ |
| १० | राजेश कुमार अधिकारी | बिराटनगर- १६, मोरङ्ग | १००० | ९८४२३७१३०६ | ४३ | राजेन्द्र प्रसाद सुबेदी | डांगीबारी-१, झापा | १००० | ९८५२०४८४६४ |
| ११ | कमल प्रसाद तिम्सिना | सुन्दरपुर गा.वि.स.-९,मोरङ्ग | २००० | ९८५२०५४५७५ | ४४ | केशव प्रसाद रिजाल | बिराटनगर-१७, मोरङ्ग | १००० | ९८५२०२८८१३ |
| १२ | जानुका पोखरेल | खनार गा.वि.स.-७, सुनसरी | २००० | ९८५२०४८५८५ | ४५ | हर्क बहादुर बस्नेत | उर्लाबारी-२, मोरङ्ग | १००० | ९८४२०४३८११ |
| १३ | यशोदा घिमिरे पोखरेल | खनार गा.वि.स.-७, सुनसरी | २००० | ९८४२०३६८०२ | ४६ | किशोर काफ्ले | खनार गा.वि.स.-७, सुनसरी | १००० | ९८४२०३४८११ |
| १४ | हेमानन्द दाहाल | खनार गा.वि.स.-४, सुनसरी | २००० | ९८५२०२६८९६ | ४७ | रंजिता दाहाल | का.म.न.पा.-३२, काठमांडौ | १००० | ९८४१६८४४५६ |
| १५ | लिलामणी सुवेदी | इनरुवा न.पा. -२, सुनसरी | २००० | ९८४२०४३२१० | ४८ | कमल प्रसाद नेपाल | पथरी गा.वि.स.-१, मोरङ्ग | १००० | ९८५२०५५३५३ |
| १६ | बिपुलराज जोशी | का.म.न.पा.-३२, घट्टेकुलो | २००० | ९८५१०९८८४८ | ४९ | गोबिन्दमान राजथला | सोमलिंटार -८, भक्तपुर | १००० | ९८५११५५९९० |
| १७ | अनिता कुमारी वंशल | बिराटनगर-१३, मोरङ्ग | २००० | ९८५२०२२४५४ | ५० | आकासहाङ्ग लिम्बू | इटहरी न.पा.-८, सुनसरी | १००० | ९८५२०५७२३८ |
| १८ | कुशहरि दाहाल | गौरादह गा.वि.स.-९, झापा | १००० | ९८५२६७६४४० | ५१ | हितेश कोइराला | इटहरी न.पा.-८, सुनसरी | १००० | ९८५२०५७२३८ |
| १९ | ऋषिकेश खनाल | उर्लाबारी-४, मोरङ्ग | २००० | ९८४२०२७९९० | ५२ | बिकास बजगाईं | इन्द्रपुर.-७, मोरङ्ग | १००० | ९८५२०५७२३८ |
| २० | खेम प्रसाद दंगाल | दुलारी गा.वि.स.-१, मोरङ्ग | २००० | ९८४२०७९१६० | ५३ | गोपाल प्र्साद आचार्य | मधेशा गा.वि.स.-९, सुनसरी | १००० | ९८४२०३५९७३ |
| २१ | बिजय पौडेल | दुलारी गा.वि.स. -९, मोरङ्ग | २००० | ९८५२०२६२७६ | ५४ | सुमित अधिकारी | इटहरी न.पा.-७, सुनसरी | १००० | ९८५११५५९९० |
| २२ | पदम प्रसाद आचार्य | इटहरी न.पा. -१, सुनसरी | २००० | ९८५२०४६७७४ | ५५ | सुहाम फेवा लिम्बू | इटहरी न.पा.-८, सुनसरी | १००० | ९८५२०५७२३८ |
| २३ | अर्जुन भट्टराई | गोठाटार -८, काठमाण्डौ | २००० | ९८५१२५०२०६ | ५६ | नरेन्द्र कुमार जोशी | खनार गा.वि.स.-४, सुनसरी | १००० | ९८५२०५४०३४ |
| २४ | हरि प्रसाद तिमल्सेना | बेल्टार गा.वि.स.- ५, उदयपुर | २००० | ९८५६०२८७१५ | ५७ | चन्द्रलाल ढकाल | बहुनडांगी - ४, झापा | १००० | ९८४२७०४४५६ |
| २५ | पुष्पराज पोखरेल | इटहरी न.पा.-२, सुनसरी | २००० | ९८५२०५७२३८ | ५८ | तारा बहादुर कटवाल | इटहरी- ७, सुनसरी | ३००० | ९८४२०७८७०१ |
| २६ | माधव प्रसाद कोइराला | पथरी गा.वि.स.- ८, मोरङ्ग | २००० | ९८५२०५४६३४, | ५९ | सुनिल लिम्बू | इटहरी- ८, सुनसरी | २००० | ९८४२०७८७०१ |
| २७ | गणेश बहादुर बराल | उर्लाबारी -८, मोरङ्ग | २००० | ९८५२०४८८५२ | ६० | सुनिल अग्रवाल | इटहरी- १, सुनसरी | ५००० | ९८५२०२०४३३ |
| २८ | कौशल कुमार पोखरेल | बिराटनगर-४, मोरङ्ग | १००० | ९८४२०८६९३९ | ६१ | दिनेश न्यौपाने | महेन्द्रनगर- २, सुनसरी | २००० | ९८४२४०८०६१ |
| २९ | राम प्रसाद मिश्र | मधुमल्ला गा.वि.स.-४ मोरङ्ग | १००० | ९८४२०९१३७३ | ६२ | राधाकृष्ण नेपाल | इटहरी- ५, सुनसरी | २००० | ९८४२०३४५६३ |
| ३० | पार्वता कुमारी गौतम | उर्लाबारी गा.-४, जि. मोरङ्ग | १००० | ९८४९५५०४४६ | ६३ | होमशंकर दाहाल | इटहरी- ४, सुनसरी | २००० | ९८४२०३५५२४ |
| ३१ | बलराम चौधरी | खनार-४, सुनसरी | १००० | ९८५२०५४०३४ | ६४ | राजेन्द्र प्रसाद भट्टराई | बिराटनगर-६, मोरङ्ग | १००० | ९८५२०२२७८८ |
| ३२ | चण्डी गौतम | खनार गा.वि.स.- ७, सुनसरी | १००० | ९८४२०३६५२४ | ६५ | पुनितकुमार सारडा | बिराटनगर- २, मोरङ्ग | २१००० | ९८५२०२१४७६ |
| ३३ | इन्द्र कुमार सुब्बा | खनार गा.वि.स.-४, सुनसरी | १००० | ९८५२०२२४४३ | | | | | |

कम्पनी दर्ता नं. १२८३६७/२०७०७२७ ने.रा.बैंक/इ.प्रा/३/४३/)७१/७२

# सपोर्ट माईक्रोफाइनान्स वित्तीय संस्था लि.

*(नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त १० जिल्ला कार्यक्षेत्र भएको वित्तीय संस्था)*

**केन्द्रीय कार्यालय, हाँसपोसा, सुनसरी**

मिति २०७२।०८।२८

च.नं. ६६/०७२/०७३

प.सं. नेराबै ०९/०७२/०७३

श्री नेपाल राष्ट्र बैंक,
लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

बिषयः- **वित्तीय विवरणहरु प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा प्राप्त निर्देशनहरुको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ विभागको मितिः२०७२।०७।२२ प.सं.(ल.बि.प्र.सु.बि.गैरस्थलगत १२।३८।२०७२।०७३ अनुसार यस सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि. को साधारण सभा प्रयोजन लागि आ.व.२०७१।०७२ को वित्तीय विवरण प्रकाशन गर्ने स्वीकृति प्रदान गर्नु भएकोमा हार्दिक धन्यवाद प्रकट गर्दै उक्त पत्रमा उल्ल्लेखित निर्देशन कैफियतहरुको सम्बन्धमा निम्नानुसारको व्यहोरा अनुरोध गर्दछौं ।

१. यस वित्तीय संस्थाले अघिल्लो आ.व.मा कारोबार संचालन नगरेको तथापी यस आ.व. को आजका मितिसम्म ४१ केन्द्र, ९५ समूहमा ४४५ सदस्य निर्माण गरी रकम रु.१,१९,००,०००।०० रकम बिपन्न वर्ग कर्जा लगानी भैसकेको व्यहोरा अनुरोध छ ।

२. हाल केन्द्रीय कार्यालयमा प्रमुख कार्यकारी अधिकृत बाहेक अन्य जनशक्तिको व्यवस्था भै नसकेको, कर्मचारी व्यवस्था भएपछी जोखिम ब्यबस्थापन समिति तथा आन्तरिक लेखापरिक्षण समिति गठन गरी ब्यबस्थित गरिने व्यहोरा अनुरोध छ ।

३. हालसम्म नेपाल राष्ट्र बैंकबाट स्वीकृतप्राप्त धनकुटा जिल्लामा १,उदयपुरको हडिया बजारमा १ र तेह्रथुमको संक्रान्ति बजारमा १ गरी जम्मा ३ वटा शाखा स्थापना गरी १६१ बिपन्न परिवारमा रु.१,१९,००,०००।०० कर्जा लगानी र रु.५,२४,६७७।०० बचत संकलन भैसकेको व्यहोरा अनुरोध छ ।

४. संचालकहरुले पालना गर्नुपर्ने आचरणहरुका सम्बन्धमा निर्देशित फारमहरु भरी,भराई संचालकहरुको व्यक्तिगत फायालमा अभिलेख राखिएको व्यहोरा अनुरोध छ ।

५. प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिदै आएको तलब भत्ता तथा अन्य सुविधाका सम्बन्धमा समितिको मिति २०७१।०९।३०, बैठक नं. ३९ को निर्णय अनुसार नियुक्ति पत्रमै उल्लेख गरिएको व्यहोरा अनुरोध छ ।

६. निर्देशन अनुसार कार्यविधि बनाई नीति तथा निर्देशनहरुको परिपालना गरिने व्यहोरा अनुरोध छ ।

७. निर्देशन अनुसार स्थिर सम्पतिको लेखांकन गरी अभिलेख अध्यबधी गरी राखिने व्यहोरा अनुरोधछ ।

८. निर्देशन अनुसार स्थिर साम्पतिको अर्धबार्षिक रुपमा भौतिक परिक्षण गराइने व्यहोरा अनुरोध छ ।

९. नियम तथा निर्देशन अनुसार प्राप्त कैफियतहरुको समयमै सुधार गरिने व्यहोरा अनुरोध छ ।

बोधार्थ :
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, बालुवाटार काठमाडौं

निवेदक

चन्द्रलाल ढकाल
प्रमुख कार्यकारी अधिकृत